**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २३ दिसम्बर २०२४

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

**१.** भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले हिजो गठन भएको नयाँ पार्टी इण्डियन गोर्खा जनशक्ति फ्रन्टमाथि प्रतिक्रिया दिदै गोर्खाल्याण्ड भन्ने बित्तिकै पार्टी फस्टाउँछ भन्ने विचार पुरानो भएको बताउनु भयोद्य

**२.** सि पी आर एम पार्टीका ट्रेड युनियन सदस्यहरूले आज विभिन्न चिया बगानका मजदुरहरूको तर्फबाट पीएफ कार्यालय दार्जीलिङ पुगी एक ज्ञापन बुझाएको छ।

**३.** सुसन्स् कराते डो अकादमीको आयोजनामा कालेबुङमा चौथो अल इन्डिया गोर्खा कप कराते च्याम्पियनसिप सम्पन्न गरिएको छ।

**४.** केन्द्रीय गृहमन्त्री अमित शाहले संसदमा दिएको वक्तव्य विषयमा कालेबुङ जिल्ला कांग्रेसद्वारा पत्रकार सम्मेलन मार्फत प्रतिवाद जनाएको छ।

**५.** बिजनबारीमा आज एक भव्य कार्यक्रमको साथमा प्रि- ख्रीष्टमस पालन गरियो।

**अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले हिजो स्थापना भएको नयाँ राजनीतिक दल इण्डियन गोर्खा जनशक्ति फ्रन्टमाथि आफ्नो बिचार साझा गर्दै दार्जीलिङ्ग पहाडमा एउटै नेताले घरी घरी पार्टी खोल्नु एउटा घटना नै हो अनि नयाँ इतिहास पनि हो भनी बताउनु भएको छ। कालेबुङ भ्रमणमा रहेका श्री थापाले पत्रकारहरुसितको वार्तालापमा यस्तो मन्तव्य पोख्नु भएको हो। उहाँले नयाँ पार्टीको एजेन्डा गोर्खाल्यान्ड रहेको घोषणाप्रति प्रतिक्रिया दिदै गोर्खाल्याण्ड भन्ने बित्तिकै पार्टी फस्टाउँछ भन्ने पुरानो विचार हो तथा गोर्खाल्याण्ड बुझाईरहने विषय नरहेको बताउनु भयो। श्री थापाले गोर्खाल्याण्ड कुनै एक पार्टीको मुद्दा होइन तर जातीय मुद्दा हो भन्दै कुनै राजनैतिक दलले गोर्खाल्याण्डलाई मुद्दा बनाएर राजनीति गर्दा गोर्खाल्याण्ड पाउँछ पाइ नहाल्ने बताउनु भयो। यसैक्रममा उहाँले बीजेपीको केन्द्र सरकारले पनि यो मुद्दालाई बुझिसकेको अनि अब दिनेको इच्छा माथि निर्भर रहने बताउनु भयो। जीटीएका प्रमुख कार्यपालले गोर्खाल्याण्डको मुद्दा माथि काम गर्ने जिम्मेवारी संसद राजु विष्टको हो तथा सांसदले कार्य गरिरहेको होला भन्ने आशा व्यक्त गर्नुभयो।

****** ० ******

**बालासन जल परियोजना**

मिरिकमा भोली बहु प्रतिक्षित  बालासन जल परियोजनाको शिलान्यास हुने भएको छ। मिरिक झिल परिसरमा हुने यो परियोजाको शिलान्यास गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले गर्ने मिरिक नगरपालिका अध्यक्ष एल बी राईले बताउनु भएको छ। उहाँले बालसन खोलाको इन्टेकदेखि नगरपालिकाको वार्ड नम्बर ६ स्थित काउलेसम्म पाइप  विछ्याउने अनि पानी ल्याउनका लागि 89 करोड रूपियाँको लागतमा प्रथम चरणको कार्य हुने जानकारी दिनु भएको छ। उहाँले यो परियोजनाले मिरिक नगरपालिकामा देखा परेको पिउने पानीको समस्या समधान हुने समेत बताउनु भएको छ।

****** ० ******

**शिशिर बान्तवा राई सम्मानित**

देशको राजधानी दिल्लीमा बसोबासो गरिरहेका दार्जीलिङका गोर्खे छोरो शिशिर बान्तवा राईले निरन्तर रुपमा दिल्लीमा समाज सेवा गरिरहेका छन्।  तिनको निस्वार्थ सेवा भावनाको कदर गर्दै विभिन्न संघ संस्थाहरूले तिनलाई सम्मानित गर्ने कार्यहरू पनि निरन्तर गरिरहेको छ। यसै क्रममा हिजो मात्रै मध्य प्रदेशको भोपालमा भारत भूषण राष्ट्रीय सम्मान समारोहमा तिनी पद्मश्री डाक्टर विजय कुमार शाह अनि एयरमार्शल सलमानको बाहुलीद्वारा उत्कृष्ठ सामाजिक कार्यकर्ताको रूपमा भारत भूषण सम्मानले सम्मनित

भएका छन्।केयरिङ ह्याण्ड एनजीओका संस्थापक शिशिर राईले दिल्लीमा उपचारको निम्ति गएका बिरामीहरूलाई मात्र नभएर अलपत्र बनेका कैयौंलाई सहयोग प्रदान गर्दै आएका छन्।

****** ० ******

**श्री कर्म योन्जन**

भारतीय नेपाली गोर्खा समाजका वरिष्ट संगीतकार श्री कर्म योन्जनको जीवनमा आधारित वृत्तचित्र संगीतमय कर्मको हिजो सिलगढीस्थित देवकोटा संघ भवनमा भव्य रुपमा लोकार्पण गरियो। कार्यक्रममा श्री कर्म योञ्जन सहित उहाँकी धर्मपत्नीलगायत गोर्खा समाजका साहित्य, संगीत क्षेत्रका विशिष्ट व्यक्तित्वहरू एवं अन्य गन्यमान्य व्यक्तिहरूको उपस्थिति रहेको थियो। सोही अवसरमा संगीतकार जीवन प्रकाश प्रधान द्वारा संगीतवद्ध गिती सङ्गालो प्रिलियुड प्रारम्भको पनि लोकार्पण गरियो। एल्बममा गायिका रजनी रिदम राईले आवाज दिएकी छन्।

****** ० ******

**ट्रेड युनियन ज्ञापन**

सि पी आर एम पार्टीका ट्रेड युनियन सदस्यहरूले आज विभिन्न चिया बगानका मजदुरहरूको तर्फबाट पीएफ कार्यालय दार्जीलिङ पुगी एक ज्ञापन बुझाएको छ। विशेष गरी चिया श्रमिकहरूको पी एफ सम्बन्धि समस्याको समाधान चाँडै गरिदियाजाओस् भनी युनियनका प्रतिनिधिहरूले पी एफ कार्यलयमा ज्ञापन बुझाएको हो भने उक्त समस्याको समाधान आगामी वर्ष २०२५ को जनवरीको मध्यसम्म गरिनु पर्ने युनियनको तर्फवाट बताइएको छ। यस विषयमा सीपीआरएम ट्रेड युनियनका नेता सुनील राईले चियाबगानको समस्यालाई चाडो सम्बन्धित गर्न पर्ने माग गर्नु भयो।

****** ० ******

**सुसन्स् कराते डो अकादमी**

सुसन्स् कराते डो अकादमीको आयोजनामा कालेबुङमा चौथो अल इन्डिया गोर्खा कप कराते च्याम्पियनसिप सम्पन्न गरिएको छ।प्रतियोगितमा सिक्किम, सिलीगुडी लगायत विभिन्न स्थानबाट प्रतियोगीहरुको उपस्थिति रहेको थियो। प्रतियोगितामा जूनियर, सब जूनियर लगायत विभिन्न वर्गको खेल सफलतापूर्वक सम्पन्न गरिएको छ। सुसन्स् कराँते अकादमीले स्थानिय विद्यार्थीहरूलाई विभिन्न स्थानमा राष्ट्रिय स्तरीय प्रतियोगीतामा पनि सहभागिता जनाउने पहल गरिरहेछ भने विगत वर्षहरू सरह यस वर्ष पनि भब्यतापूर्वक सम्पन्न गरियो। अकादमीका मुख्य प्रशिक्षक शिहान सुसन थापाले विजयी प्रतियोगीहरुलाई मेडल प्रमाण पत्र प्रदान गर्नुभयो।एकाडेमीले विद्यार्थीहरूलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्म पुर्याउने लक्ष्य राखेर लगातार यस प्रकारको पहल गरिरहेको छ। यसै महिना शीहन सुसन थापा द्रोणाचार्य पुरस्कारले सम्मानित भइसकेका छन।

****** ० ******

**कालेबुङ जिल्ला कांग्रेस**

केन्द्रीय गृहमन्त्री अमित शाहले संसदमा दिएको वक्तव्य विषयमा कालेबुङ जिल्ला कांग्रेसद्वारा पत्रकार सम्मेलन मार्फत प्रतिवाद जनाएको छ। बाबासाहेब अम्बेडकरमाथि गृहमन्त्रीले दिएको बयानको कांग्रेसले प्रतिवाद गर्न २४ डिसेम्बरको दिन कालेबुङमा कार्यक्रम रहेको जानकारी सदस्य सुरेन्द्र पारीकले बताउनु भएको छ।

****** ० ******

**प्रि- ख्रीष्टमस बिजनबारी**

बिजनबारीमा आज एक भव्य कार्यक्रमको साथमा प्रि- ख्रीष्टमस पालन गरियो। पुल बिजनबारी क्षेत्रका विभिन्न चर्चहरुको सयुक्त आयोजनामा बिजनबारी बजार परिसरमा आयोजित कार्यक्रममा पुल बिजनबारी ग्राम पन्चायत प्रधान श्रीमती पदमा सुब्बा प्रमुख अतिथिको रूपमा उपस्थिति थिइन् भने उहाँवाहेक पास्टर जेम्स सुब्बा बिशिस्ट अतिथिको रूपमा उपस्थिति थिए। विभिन्न मनोरञ्जनात्मक कार्यक्रमको साथमा आयोजित कार्यक्रममा छिमेकी राज्य सिक्किमबाट पास्टर डानियल सोताङ प्रमुख बक्ताको रूपमा उपस्थित थिए भने उहाँले ् उपस्थिति सम्पुर्णलाई प्रभु येशूको महिमा प्रकाश पार्नुभयो। उहाँले सबैलाई अहिसा तथा प्रेमभावले अधि बड्ने आवहान गर्नु भयो। अर्कोतिर ख्रीष्टमसको वास्तविक महत्त्व भनेको उदारकर्ता महिसा इशु खृस्टको जन्मलाई स्मरण गर्नु हो तथा उनको जन्मले मानव जातीमा शान्तिको महत्वलाई अझै बडाएको पास्टर अमित सिङोकले बताउनु भयो । पास्टर अमित

सिङोकले सन्चालन गरेको कार्यक्रममा वरिपरीको विभिन्न चर्च आबद्ध मण्डलीका प्रतिनिधिहरु नृत्य गित लगायतको प्रस्तुतिहरु दिएका थिए। पास्टर जोन राईको प्राथनाबाट शुरु गरिएको कार्यक्रममा अन्तिम प्रार्थना पास्टर बिशेष सुब्बाले गर्नुभयो भने आशिषको प्रार्थना पास्टर जेम्स सुब्बाले गर्नुभएको थियो। स्मरण रहोस् बिजनबारी बजार परिसरमा प्रत्येक बर्ष पुल बिजनबारी क्षेत्रका विभिन्न चर्चहरुले सयुक्त रूपमा प्रि ख्रीष्टमस कार्यक्रमको आयोजना गर्दै आएको छ भने कार्यक्रममा इसाईसगै अन्य धर्मावलम्बीहरुका मानिसहरूले उत्तिकै सहभागिता जनाउँदै आएका छन।

****** ० ******

**गोर्खे हाट खरसाङ**

स्थानीय चीजबीजहरु किनबेच गर्न साथै स्थानीयलाई स्वनिर्भर बनाउने उद्देश्यको साथमा खरसाङमा गत वर्ष 15 अक्टोबर, 2023 मा शुरू गरिएको खरसाङ गोर्खे हाटको प्रथम स्थापना दिवस पालन गरिएको छ। यस अवसरमा आयोजित एक कार्यक्रममा खरसाङ खण्डको पञ्चायत समिति अध्यक्ष अनु छेत्री मुख्य अतिथि थिइन्। यसैगरी, अन्य अतिथिहरूमा खरसाङ नगरपालिकाका उपाध्यक्ष सुवास प्रधान, खरसाङ गोर्खे हाटका कन्सेप्ट तयार गर्ने व्यक्ति सन्त किशोर गुरूङ, गोर्खे हाटका अध्यक्ष बिजयसिंह सिन्चुरी आदि उपस्थित थिए। समारोहमा खरसाङको गोर्खे हाटलाई आरम्भ गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने सन्त किशोर गुरूङलाई आयोजक समितिको पक्षबाट सम्मान जनाइयो।समारोहमा नेपाली सिने जगतमा दार्जिलिङ पहाड़ी क्षेत्रमा अह्म भूमिका निर्वाह गर्ने खरसाङ- निवासी विवेक राईलाई आयोजक कमिटीको पक्षबाट सम्मानित गर्दै स्मृति चिन्ह प्रदान गरियो। साथै विविध रंगारंग सांस्कृतिक प्रस्तुति अन्तर्गत कलाकारहरूले नृत्य अनि गीत प्रस्तुत गरे । खरसाङको पार्क लोकेशनस्थित सार्वजनिक भवनमा आयोजित समारोहमा गोर्खे हाटका सल्लाहकार प्रज्जवल प्रधानले गोर्खे हाटको उद्देश्य भविष्यमा गोर्खे हाटलाई रेगुलेटेड मार्केटमा परिवर्तन गर्ने र जातीय संस्कृतिलाई बचाउने रहेको बताए । खरसाङ नगरपालिका उपाध्यक्ष सुवास प्रधानले भने गोर्खे हाटका सञ्चालकहरू एउटा नयाँ भिजन लिएर खरसाङ नगरपालिकामा गत वर्ष आएका थिए। सर-सल्लाह गरेपछि उनीहरूलाई ठाउँको अभाव भएपछि खरसाङ शहरदेखि टाड़ा खरसाङ टुरिस्ट लजदेखि माथितिरको ठाउँ दिइयो, जहाँ वर्तमानमा गोर्खे हाट लगाउने काम भइरहेको छ। तर खरसाङ नगरपालिकाले खरसाङ बजारबीच हाटलाई लगाउनको लागि एक ठाउँ हेरेको छ। सञ्चालकहरूसित सर सल्लाह गरेर यसमाथि विचार गरिनेछ।

****** ० ******